# समाचार सन्देश

वर्ष १५, अङ्क ५ आई.पी.एस्. लेख रचनाको सँगालो, बैशाख ४-१८, २०६५ (अप्रिल १६-३०, २००८)

# मृत्युदण्ड उन्मूलनमा रसियाको अलमल

– केस्टर केन क्लोमेगाह

मस्को (आई.पी.एस्./एन्.पी.आई.) – मृत्युदण्ड उन्मूलन गर्न रसिया कतिसम्म तत्पर छ भन्ने प्रश्नमा रसिया, युक्रेन र बेलारुसका अन्तर्राष्ट्रिय दण्ड सुधारका निर्देशक भिक्टोरिया सर्जिएभा सायद दुई-तीन वर्ष लामो दबाबको आवश्यकता छ, भन्छिन् ।

आईपीएसका संवाददातासँगको अन्तर्वातामा उनले भनिन्, रसियाली राजनीतिज्ञहरूले मृत्युदण्ड उन्मूलनका पक्षमा आनो बिचार बनाएका छन् । अब सांसदहरूले प्रक्रिया पूरा गरेर कानुन बनाउन मात्र बाँकी छ । मुलुकभरी नै युवा र शिक्षित नगरवासीहरूले यस अभियानको स्वागत गर्ने निश्चित छ ।

**आईपीएस**ः केही समयअघि संयुक्त राष्ट्रसंघको महासभाले मृत्युदण्डको सजाय उन्मूलन गर्न आह्वान गरेअनुसार रसियाली संघीय सरकार सकारात्मक नै पाइएको छ । तर मृत्युदण्डको सजायका सम्बन्धमा रसियाको पछिल्लो स्थिति के छ बताइदिनुहुन्छ कि ?

**भिक्टोरिया सर्जिएभा (भिएस)**ः १९९६ देखि रसियाले मृत्युदण्डको सजाय अघोषित रूपमा स्थगित गरेको छ । रसियाली महासंघ युरोपको काउन्सिलमा संलग्न भएदेखि नै राष्ट्रपतिको निर्णयका आधारमा मृत्युदण्डलाई अन्य सजायमा रूपान्तरित गर्ने कार्य भैरहेको छ । पछि सरकारले पनि राष्ट्रपतिकै पक्षमा हस्ताक्षरसमेत गरिदिसकेको छ । तर संसदले पारित गर्नभने बाँकी छ । मृत्युदण्डको उन्मूलन मानवअधिकारको प्रवर्धनसम्बन्धी युरोपेली महासन्धिको धारा ६ का आधारमा यसको अनुमोदन हुनुपर्दछ । जेहोस् १९९६ देखि कसैलाई पनि मृत्युदण्ड दिइएको छैन । तैपनि यसको अन्तिम निर्णय हुनभने बाँकी नै छ । रसियाली संविधानबाट मृत्युदण्डको प्रावधान हटिहालेको छैन । रसियाली केन्द्रीय अपराध न्याय व्यवस्थाले पाँच प्रकारका अपराधमा मृत्युदण्डको सजाय दिनसक्छ ।

**आईपीएस**ः १९९६ को राष्ट्रपतिको निर्णयका अतिरिक्त कानुनद्वारा मृत्युदण्डलाई अन्य सजायमा बदल्ने कुनै कानुन पास भएक छन् कि ?

**भिएस**ः १९९९ मा संवैधानिक अदालतले मृत्युदण्डलाई अन्य सजायमा बदल्ने सम्बन्धमा विशेष आदेश जारी गरेको थियो । तर, त्यसको प्रभाव स्थायी प्रकृतिको थिएन । सो आदेशमा रसियाली महासंघमा सर्वोच्च अदालतको फैसला नआएसम्म मुलुकमा मृत्युदण्डको सजाय दिइने छैन । मृत्युदण्डका विरुद्ध अमुक प्रकारको निर्णय नभएसम्म भनेर निषेधाज्ञा जारी गरिएको यो नै पहिलो अवस्था हो ।

**आईपीएस**ः तपाईंले यो अस्थायी प्रतिबन्ध थियो भन्नुभयो । तपाईंलाई के लाग्छ, रसियाली न्यायप्रणालीबाट मृत्युदण्डको पूर्ण खारेजी कहिलेबाट होला ?

**भिएस**ः चेचन्या गणतन्त्र नै यो प्रक्रिया पूरा गर्ने अन्तिम राज्य हुनेछ । किनभने जनबरी २००७ मा स्टेट डुमाले २०१० सम्मका लागि मृत्युदण्ड स्थगित गर्ने निर्णय गरेको छ ।

**आईपीएस**ः यसको अर्थ जे भएपनि यस अवधिमा चेचेन्यामा मृत्युदण्डको सजाय उन्मूलनको काम चाहिँ हुने भएन, होइन त ? किन रसियाली महासंघ मृत्युदण्डको सजाय उन्मूलन गर्न यति आलश्यपूर्ण देखिएको ?

**भिएस**ः पहिलो कुरा त रसियाली महासंघका सबै राज्यहरूमा मृत्युदण्ड उन्मूलनका

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

पक्षमा समान धारणा पाइँदैन । अझै पनि धेरै सांसदहरू मृत्युदण्डको पक्षमा रहेका छन् । स्टेट डुमामा पनि मृत्युदण्ड उन्मूलनका सम्बन्धमा केही समयसम्म बहस चल्यो । तर हरेक पटक यो बहस उपलब्धिहीन भएको छ ।

सरकारले मृत्युदण्ड सजाय उन्मूलनका लागि पर्याप्त मेहनत गरेको छ तर संसद्बाट पारित हुन सकिरहेको छैन । तर के चाहिँ भएकै छभने मृत्युदण्डको सजाय सुनाइएको भएपनि कार्यान्वयन भएको अवस्था भने छैन । मृत्युदण्डको पक्षमा बहस गर्ने सांसदहरूले अन्य सजायका लागि माफी दिन सकिए पनि आतङ्ककारी गतिविधिका लागि मृत्युदण्ड नै उपयुक्त सजाय हो भनिरहेका छन् । यो सजाय खारेज गर्नासाथ आतङ्ककारी गतिविधिको वृद्धि हुने विश्लेषण उनीहरूको छ । यस तर्कले ठूलै प्रभाव पनि पारेको छ ।

अन्ततः मृत्युदण्डका विषयमा संसद् अनिर्णयको बन्दी हुन पुगेको छ । सांसदहरू आनो निर्णय जनताको टाउकोमा थोपर्ने गर्दछन् । अहिले र सियाली जनता मृत्युदण्डको सजाय खारेज गरिहाल्ने मनस्थितिमा छैनन् भन्ने निष्कर्ष निकालिरहेका छन् ।

**आईपीएसः** तपाईंहरूले मृत्युदण्डका सम्बन्धमा जनताको चाहना के छ भनेर कुनै सर्वेक्षण गर्नुभएको छ कि ?

**भिएसः** गत वर्ष पेनाल रिफम इन्टरनेसनलले मृत्युदण्ड खारेजीमा विश्वव्यापी अभियान अन्तर्गत अन्तर्राष्ट्रिय परियोजनाअनुसार सर्वेक्षण गरेको थियो । रसियाका चार क्षेत्रहरूमा युरी लेभादा विश्लेषण केन्द्रले देशभरिका एक हजार ६ सय व्यक्तिसँग प्रश्न सोधेर एक निष्कर्ष निकालेको थियो । सर्वेक्षणले मृत्यदण्डका पक्षमा अझै पनि जनमत र हेको तर विगतको दाँजोमा त्यसको प्रतिशत न्यून रहेको देखाएको छ ।

सर्वेक्षणले ठूला सहर, पढेलेखेका व्यक्ति र नयाँ पुस्ता मृत्युदण्डको विपक्षमा रहेको देखायो । २००६ मा मृत्युदण्ड खारेज गरेर अन्य सजाय दिनुपर्ने धारणा राख्ने व्यक्तिको संख्या २३ प्रतिशत रहेकोमा २००७ आउँदा यो बढेर ३१ प्रतिशत पुगेको छ । समष्टिमा ११ प्रतिशत रसियालीहरू मृत्युदण्डको विपक्षमा रहेका छन्, यो संख्या बढ्दै जाने आशा गरिएको छ ।

**आईपीएसः** तपाईंले आजन्म कैदका बारेमा जनता के चाहन्छन् भनेर पनि सोध्नुभयो कि ?

**भिएसः** मृत्युदण्डको सजायका ठाउँमा के सजाय दिन ठीक हुन्छ भन्ने कुरालाई भने हामीले जोड दिएका छैनौं । तर तपाईंलाई मृत्युदण्ड र आजन्म कारावासको सजायमध्ये कुन खराब लाग्छ भनेर चाहिँ सोधेका छौं । जबाफ दिनेहरूले मृत्युदण्ड र जन्मकैदलाई समान स्तरमा राखेर विश्लेषण गरेका छन् ।

**आईपीएसः** तपाईंले अन्य मुलुकमा पनि सर्वेक्षण गर्नुभएको छ, के जबाफ उस्तै पाउनुभयो ?

**भिएसः** रसियाको अवस्था बाहिरका अन्य मुलुकको भन्दा फरक नै छ । तर विश्वका अधिकांश मानिसको जबाफमा भने समानता पाइन्छ । जेलहरू सबैतिर भरिभराउ छन् । विगत तीन-चार वर्षदेखि जेल भराउ प्रवृत्तिमा वृद्धि भएको छ । गरिब मुलुकमा मात्र यो अवस्था छैन, धनी पश्चिमा मुलुकमा पनि जेल टनाटन छन् । आक्रमणकारी वा अपराधीको संख्या बढिरहेको छ ।

**आईपीएसः** तपाईंलाई रसियामा जेलको स्थिति के छ थाहा छ । के आजीवन कारावास मृत्युदण्डको विकल्प हो ?

**भिएसः** रसियामा १९९२ देखि जन्मकैद मृत्युदण्डको विकल्पका रूपमा प्रयोग भैरहेको छ । जेलको स्थिति हेर्दा अन्य युरोपेली मुलुकका कारावासको दाँजोमा रसियाका जेलहरू निकै गएगुज्रेका छन् ।

रसियामा १६०० बन्दीहरू आजीवन कारावासको सजाय भोगिरहेका छन् । उनीहरूमाथि कडा निगरानी छ र आम समाजबाट उनीहरू पूर्णतः अलग गरिएका छन् । उनीहरू यातनापूर्ण जीवन बाँचिरहेका छन् । उनीहरू २५ वर्षसम्म जेल जीवन गुजारि सकेपछि मात्र मुक्तिका लागि निवेदन दिन सक्छन् । उनीहरू फर्केर समाजमा पुनःस्थापित हुने भनेको अत्यन्त न्यून छ ।

**आईपीएसः** तपाईंलाई के लाग्छ, र सियालीहरूले मृत्युदण्डको सजाय खारेज गर्लान् ?

**भिएसः** रसियाका राष्ट्रपतिदेखि लिएर स्टेट डुमाका संसदीय समितिहरूका सभापति वा नेतृत्व, परराष्ट्र मामिला प्रमुख र अन्य आयोगआदिको नेतृत्वले समेत मृत्युदण्डको विपक्षमा अभिव्यक्ति दिएका छन् । जस्तो मैले भने नि, स्टेट डुमाले २०१० सम्मका लागि मृत्युदण्डको सजाय स्थगित गरेको छ । यसको अर्थ हो, मृत्युदण्ड पाएका व्यक्तिलाई अर्को तीन वर्षका लागि जीवनदान वा माफी मिलेको छ । तर मलाई लाग्दैन कि सो मितिभन्दा पछिका लागि पनि माफीको अवधि बढाइएला ।

**आईपीएसः** तपाईं के ठान्नुहुन्छ, २०१० भन्दा अघि नै रसियाले मृत्युदण्डको उन्मूलनको घोषणा गरिसक्ला त ?

**भिएसः** हो, म आगामी दुई वा तीन वर्षभित्र रसियाबाट मृत्युदण्ड उन्मूलन हुनेमा आशावादी छु । यसबीच संसद्ले मृत्युदण्डको खारेजीसम्बन्धी धारा ६ अवश्य अनुमोदन गर्नेछ । यसै वर्षको मार्च महिनामा संसदीय समितिले मृत्युदण्डको सजाय खारेज गर्न स्टेट डुमामा विधेयक प्रस्तुत गरिसकेको छ । यसमा संसद्भित्र बहस हुँदैछ ।

# जापानी आइनु जातिले अधिकारका लागि मुख खोल्यो

– क्याथेरिन म्याकिनो

टोकियो (आई.पी.एस्./एन्.पी.आई.) – जापानले जि-एट सम्मेलन आगामी जुलाई महिनामा होकाइदोमा आयोजना गर्दैछ । आइनु जातिका जापानी नागरिकहरू सो सम्मेलनको सदुपयोग गर्ने तयारीमा छन् । आदिवासी जनजातिका रूपमा रहेका आइनुलाई जापान सरकारले बेवास्ता गरेको र पहिचान नदिएकोमा उनीहरूको ठूलो गुनासो छ ।

जुलाई महिनाको ७ देखि ९ तारिखसम्म चल्ने धनी मुलुकहरूको सम्मेलनका लागि स्वास्थ्य सम्बन्धी विषय प्रस्तावित गरिसकिएको छ । जि-एट सम्मेलनमा बनजङ्गलको स्थायी विकास, जलवायु परिवर्तन र समृद्धि पनि छलफलका विषय हुनेछन् ।

तर आइनुको योजना बेग्लै छ । जि-एट सम्मेलनको संघारमै उनीहरू होकाइदोमै आदिवासी जनजातिको सम्मेलन गर्दैछन् । 'यदि सरकारले आइनुलाई आदिवासी जनजातिका रूपमा स्वीकार गर्‍यो भने हरेक पक्षमा सुधार हुनेछ' अप्रिलको तेस्रो साता टोकियोमा भएको पत्रकार सम्मेलनमा आइनु नेता साकिमिनाले भने ।

जापानभरिमा करिब दुई लाख आइनु जनजाति अधिकांशत: होकाइदो सामुद्रिक टापुको उत्तरी भूभागमा बसोवास गर्दछन् । यिनीहरू काउका सोइद समूहका एक प्रजाति हुन् भन्ने पनि भनाइरहेको छ । तर यस भनाइको पुष्टि हुनभने सकेको छैन ।

संयुक्त राष्ट्रसंघले विश्वका ३७ करोड आदिवासी जनजातिको अधिकारका सम्बन्धमा घोषणापत्र जारी गरे तापनि जापानले सो घोषणालाई सम्मान गर्न सकेको छैन । गतवर्ष भएको राष्ट्रसंघीय सो घोषणाप्रति जनजातिहरूले सरकारको ध्यानाकर्षण भने गराउँदै आएका छन् । आइनु सरकारले लगातार उनीहरूका मागप्रति बेवास्ता गरेकोमा निराश बनेका छन् । पाको उमेरकी आइनु महिला साकी तोयामाले खुलापत्र जारी गर्दै भनेकी छन् 'मैले आनो जीवन दाह्रा किटेर सहेकी छु, दिक्दारी र निराशा मेरो निरन्तर अभ्यासको विषय हुन पुगेको छ । मानिसहरूले मलाई सोध्ने गर्दछन् 'किन तपाईंहरूलाई आइनु भनेर पक्षपातपूर्ण व्यवहार गरिएको ?, यस टिप्पणीका कारण कसको मन गाँठो पर्दैन र, हामीलाई होच्याएर व्यवहार गरेकोमा हामीले कतिसम्म सहने । आइनु जातिका तन्नेरीहरूलाई म यस अपमानका लागि चुपलागेर नबस्न आह्वान गर्दछु ।'

आइनु समाज र संस्कृति अन्य जातिहरूको प्रगतिशील अभ्यासका कारण विनास हुनपुगेको छ । सरकार ठूलो परिमाणका जनतालाई मात्र महत्व दिने नीतिका कारण धेरै आइनुहरू अन्यायमा परेका र गरिबीमा बाँच्न विवश बनेका छन् ।

यस प्रकारका विभेदका कारण आइनु संस्कृति र परम्परा सङ्कटमा परेको छ तर पनि पूरै रूपमा नास भैसकेको भने छैन ।

आइनु संस्कृतिको संरक्षण तथा अनुसन्धानका लागि सक्रिय प्रतिष्ठानका अनुसार आइनु संस्कृति र परम्परा 'सामान्य

तरिकाले क्षयीकृत हुन पुगेको 'र यस विषयमा प्रचार-प्रसार गर्नु र महत्वदिनु आवश्यक भएको छ । युवा पुस्ताकी सदस्य मीना आइनु जातिमा जन्म लिन पुगेकोमा गर्व गर्छिन् । उनी १६ वर्षकी हुँदा जब उनले क्यानडामा अन्य आफूजस्ता जनजातिका व्यक्तिहरू भेटिन्, तब उनको चिन्तनमा परिवर्तन आयो ।

'पहिला म आफूलाई आइनु हुँ भनेर आनो मुलुकमा भन्न हिम्मत गर्दिनथें, तर म अहिले यो गर्वका साथ भन्न सक्छु,' उनले भनिन्, 'जब क्यानडामा मैले आफूजस्तै अन्य जनजातिका व्यक्ति भेटेँ, म चकित परेँ । उनीहरू आनै आदिवासी संस्कृतिमा रमाउथे । नाच्थे, गाउँथे उनीहरूले हामीलाई साहस दिए । अब हामी पनि अर्को महिनामा हुने जनजाति सम्मेलनमा आनो अवस्थाका बारेमा आनै मुलुकका नागरिकहरूलाई यथार्थ बताउने छौं ।'

करिब एक हजार व्यक्ति सम्मेलनमा सहभागी हुनेछन् । फिलिपिन्स, न्युजिलयाण्ड, अष्ट्रेलिया, अमेरिका, रसिया, नर्बे, ग्वाटेमाला र ताइवानबाट पनि सम्मेलनमा सहभागी हुन प्रतिनिधिहरू आउने जनजाति विषयका राष्ट्रसंघका लागि स्थायी मञ्चका अध्यक्ष भिक्टोरिया तायुली करपजले जानकारी गराइन् ।

७० भन्दा अधिक मुलुकहरूमा करिब ५ हजार थरिका जनजाति बसोवास गर्दछन् । यिनीहरूको जनसंख्या हेर्दा विश्वको जनसंख्याको चार प्रतिशत हुन आउँछ । तर विश्वमा रहेको संस्कृतिको ७० देखि ८० प्रतिशतसम्म संस्कृति उनीहरूकै देखिन्छ ।

जि-एट सम्मेलनमा सहभागी हुन होकाइदो आउने विश्वका नेतृत्वदायी औद्योगिक मुलुकका नेताहरूलाई आइनु समुदायले एक अपिलपत्र बुझाउने छ । अपिलमा जनजातिका अधिकार, शिक्षा र भाषा, वातावरणीय संरक्षण र आदिवासी जनताका रूपमा आइनुलाई मान्यता प्रदान गर्ने विषयमा अनुरोध गरिनेछ ।

लामो सेतो दाह्री पाल्ने आइनु नेता उरावा हारुसो आइनु जनजातिको भूमि अतिक्रमण गरिएको र आधारभूत अधिकारबाट वञ्चित गर्ने काम निरन्तर भएको विश्वास गर्दछन् । उनले उदाहरण पनि प्रस्तुत गरे, 'हाम्रो होकाइदोको नदीमा माछामार्ने अधिकार पनि संरक्षित भएन । सरकारले हामीलाई स्रोत-साधनका रूपमा नदीको प्रयोग गरेर जीवनयापन गर्न रोकिदियो । नदीको तल्लो भागबाट माछाहरू माथि नआउन् भनेर चार मिटर अग्लो पर्खाल लगाएर छेक्यो । सरकारको यस प्रकारको दुराशयपूर्ण व्यवहारले हामीलाई चोट पुराएको छ ।'

उनले भने, परिणामस्वरूप आज नदीमा माछा नै रित्तिएको अवस्था छ । नदीमा माछा ६० वर्षअघि जति थियो आज त्यसको १० प्रतिशत मात्र बाँकी छ । जो पनि माछा मार्न आउने भएकाले यो अवस्था सिर्जना भएको हो ।

'तर जापानी सरकार तापमान बढेका कारण नदीमा माछाको परिमाण घटेको जानकारी गराउँछ, यस सम्बन्धमा केही गर्नुपर्छ भन्ने मनस्थितिमा सरकार रहेको छ, 'उनी भन्छन्, 'सरकारको भनाइप्रति मेरो विश्वास छैन । सरकारका कर्मचारीहरू घूस खान्छन् र गलत निर्णय गर्छन् । परम्परागत अवस्थामा सुधार ल्याउने निर्णय गरियो भने घूस कमाउने संरचना भताभुंग हुन्छ भन्ने उनीहरूलाई थाहा छ ।'

जनजाति सम्मेलन विश्वलाई नयाँ सन्देश दिने प्रयोजनका लागि हुन लागेको हो । आइनुजस्ता जनजातिको अवस्था सङ्कटमा छ, यसमा राज्यले ध्यान दिएन भने परिणाम घातक हुनसक्छ भन्ने सन्देश पनि सम्मेलनले दिनेछ ।

जनजाति सम्मेलनमा सहभागी हुन विश्वभरिबाट प्रतिनिधिहरू आउने छन्, अतिथि सबैका लागि पृथ्वीको वर्तमान र भविष्य तथा वातावरण शुद्धीकरण नै प्राथमिकताको विषय हुनेछ ।

आइनु जातिको आनै भाषा पनि छ, जसलाई सिनु भनिन्छ । यस भाषामा 'युकार' नामको महाकाव्य पनि छ । 'इयोमान्टे' जस्ता परम्परागत धार्मिक समारोह यसका आकर्षण र विशेषताका वस्तुहरू हुन् ।

'तर सरकारले हामीलाई कुनै महत्व दिँदैन । हाम्रो योगदान त्यत्तिकै खेर जाने अवस्थामा छ । सरकार पक्षपात गर्न माहिर छ । जनजातिलाई सम्मान दिन जान्दैन,' कोइजी युकीले भने । 'मेरा चार वटा बालबालिका छन्, सबैलाई म आनो जाति, इतिहास र संस्कृतिका बारेमा बताउने गर्छु,' यद्यपि युकी आत्मविश्वास प्रकट गर्दछन्, सरकारले आइनुलाई मान्यता नदिई सुख पाउँने छैन । जी-एट सम्मेलनका माध्यमबाट आत्मपहिचान र अस्तित्वका लागि उनीहरूले प्रस्तुत गर्ने मागको प्रभाव जोडदार हुने विश्वास उनको छ ।

# महिलालाई अझै 'स्थायी नाबालक' को व्यवहार

– जिम लोबे

वासिँगटन (आई.पी.एस्./एन्.पी.आई.) – महिलाविरुद्धको भेदभावमा प्रतिबन्ध लगाउने अन्तर्राष्ट्रिय सन्धिमा साउदी अरेवियाले सन् २००१ मै हस्ताक्षर गरे तापनि मानवअधिकारवादी संस्था ह्युम्यान राइट वाच (एचआरडब्लु) ले भर्खरै सार्वजनिक गरेको प्रतिवेदनअनुसार यहाँको कानुन र परम्पराले महिलालाई 'स्थायी नाबालक' को रूपमा व्यवहार गर्दैआएको छ ।

जुनसुकै उमेरका महिला किन नहुन्, उनीहरूको आवश्यकता पुरुष अभिभावकले तोक्छन् । त्यो अभिभावक बाबु, लोग्ने वा छोरो जोसुकै हुनसक्छ । अध्ययनदेखि औषधोपचार प्रयोजनसम्मका लागि पुरुषको मुख ताक्नुपर्छ । विदेश जाने महिलाले पुरुषको अनुमति नलिई हुँदैन । यस परिपाठीले महिलालाई उनीहरूका आधारभूत अधिकारबाट बन्चित राख्नुका साथै सार्वजनिक जीवनमा सहभागिता बढाउन कठिन बनाएको छ ।

'साउदी सरकारले महिलामाथि पुरुषको नियन्त्रण कायम राख्न आधारभूत मानव अधिकारलाई बलिवेदीमा चढाएको छ' एचआरडब्लुको मध्यपूर्व विभागकी महिला अधिकार अनुसन्धाता फरिदा देइफ भन्छिन् 'साउदी सरकारले यी त्रुटिपूर्ण नीतिबाट उत्पन्न दुर्व्यवहारको अन्त्य नगरेसम्म यहाँका महिलाले कुनै प्रगति गर्नसक्ने छैनन् ।'

इस्लामको ज्यादै पुरातनवादी व्याख्यासहित महिलालाई गाडी हाँक्न नदिने संसारको एक मात्र मुलुकको रूपमा साउदी अरेविया विश्वभर प्रख्यात छ । तर, 'पर्पेच्युअल माइनर्स: ह्युमान राइट्स एव्युजेज स्टेमिङ फ्रम गार्जेनशीप एण्ड सेक्स सेग्रेगेसन इन साउदी अरेयिबा' (नेपालीमा, स्थायी नाबालक: अभिभावकत्व र यौन पृथक्कीकरणबाट परिणामस्वरूप हुने मानवअधिकार उल्लंघन) नामक प्रतिवेदन अनुसार महिलाविरुद्धको भेदभाव आधारभूत तहभन्दा पनि निक्कै तल छ ।

एचआरडब्लुले सन् २००६ को उत्तरार्द्धतिर पहिलोपटक गरेको औपचारिक भ्रमणका क्रममा राष्ट्रिय जीवनका सबै तह र तप्काका एक सय ९ जना महिलासँग गरेको अन्तरवार्ताको आधारमा तयार पारिएको ५० पृष्ठ लामो प्रतिवेदनले आफ्ना बालबालिकाप्रति महिलाको अधिकार भए तापनि उनीहरूको कानुनी अक्षमता विस्तार भएको उल्लेख गरेको छ ।

यहाँका महिलाले लोग्नेको अनुमतिबिना सन्तानका लागि बैंक खाता खोलिदिन, बच्चा स्कुल भर्ना गर्न र स्कुलबाट उनीहरूसम्बन्धी सूचना प्राप्त गर्न पाउँदैनन्, चाहे उनले लोग्नेसँग पारपाचुके गरेको अवस्था किन नहोस् ।

अधिराज्यको शासनसम्बन्धी आधारभूत कानुन अन्तर्गत, सरिया अर्थात इस्लामिक कानुनले गहिरोसँग जरा गाडेको पुरातन पन्थी धार्मिक निकाय र यसैभित्र रहेको शाही परिवारले व्याख्या गरे अनुरूप मुलुकको आधारभूत कानुन बनाउँछ, एचआरडब्लुले महिलामाथि पुरुषको यसखाले कठोर नियन्त्रण कायम रहनुमा कानुनलाई नै जिम्मेवार ठानेको छ ।

कुरानको, सुरा (अध्याय) ४ को भर्ज (ऋचा) ३४ को अस्पष्ट बुँदामा टेकेर यसले आफूलाई प्रारम्भिक रूपमा महिलाको अभिभावकको स्थानमा राखेको छ । सो बुँदामा भनिएको छ : 'पुरुष महिलाको संरक्षक र पालक हो, किनभने भगवानले अरुलाई भन्दा उसलाई एउटा चिज (शक्ति) बढी दिएका छन् र उनीहरूले महिलालाई आनो सम्पत्तिबाट सहयोग गर्छन् ।'

एचआरडब्लुका अनुसार राज्यको आड पाएको साउदी धार्मिक निकायले यो बुँदालाई परिपक्व महिलालाई कानुनी नाबालकको जस्तै व्यहार गर्नुपर्ने अर्थ लाग्ने गरी व्याख्या गरेको छ भने उनीहरूसँग आनो जीन्दगी र भलाइका लागि विवेक प्रयोग गर्ने अधिकारसमेत छैन ।

एउटी महिलासँग प्राय:जसो तर हरहमेसा होइन पुरुष अभिभावक--बाबु वा लोग्ने-- हुनै पर्छ, जसले उनीहरूका जीवनका महत्वपूर्ण निर्णयहरू गर्छन् । कहीँ त त्यस्तो संरक्षक छोरो पनि हुन सक्छ ।

प्रतिवेदनले एउटी ४० वर्षीया महिलालाई प्रतिनिधि पात्रका

रूपमा प्रस्तुत गरेको छ, जसको लोग्नेसँग पारपाचुके भएको छ र बाबु मरिसकेका छन् । उनले देशबाहिर जान २३ वर्षे छोरासँग अनुमति लिनुपर्छ ।

प्रतिवेदन अनुसार महिलालाई काममा जान अध्ययन गर्न, बिहा गर्न र घुमफिर गर्न पुरुष संरक्षकको अनुमति चाहिन्छ ।

रिपोर्ट अनुसार पुरुष संरक्षकलाई दिइएको अधिकारले खासमा महिलालाई दुर्व्यवहार र पारिवारिक हिँसाको खतरामा पुऱ्याउन योगदान दिन्छ । संरक्षकहरू उनीहरूमाथिका आरोपविरुद्ध आक्रामक फेला परे भने पनि संरक्षकत्व खारेज गर्न वा अरुमा सार्न सम्भव नहने त्यस्ता घटनामा काम गरेका सामाजिक कार्यकर्ता, चिकित्सक र कानुन व्यवसायीले एचआरडब्लुलाई बताए ।

वास्तवमा महिलाले अदालतमा नालिस दिन मात्रै र कानुनी संरक्षक विना आनो मुद्दाको सुनुवाई गराउनका लागि सामान्यतया थुप्रै अवरोधहरूलाई जित्नुपर्छ । केही मामिलामा महिला अदालतमा उपस्थित हुन जाँदा परिचय प्रमाणीकरणका लागि पुरुष आफन्त सँगै हुनुपर्छ ।

त्यसको ठ्याक्कै उल्टो, आनो जीवनमाथिको अधिकारको अभावमा महिलाहरूलाई युवावस्थामा पुगेपछि गरेका कामका लागि पनि जिम्मेवार बनाइन्छ ।

धार्मिक निकायले गरेको सरियाको व्याख्या अन्तर्गत महिलाले पुरुष संरक्षकबाट स्पष्ट अनुमति लिनु नपर्ने वा त्यस्तो अधिकार सरकारकै निर्देशिकाबाट दिइएको ठानिए पनि केही अधिकारीले अझैसम्म अनुमति खोज्ने गरेको रिपोर्टमा उल्लेख छ ।

हालसालै आन्तरिक मन्त्रालयले ४५ वर्ष नाघेका महिलाले अनुमतिबिना नै भ्रमण गर्न पाउने व्यवस्था ल्याए पनि अधिकांश विमानस्थल कर्मचारीले जतिसुकै उमेरकी महिला भए पनि उनलाई संरक्षकले दिएको लिखित भ्रमण अनुमति माग्ने गरेको रिपोर्टमा उल्लेख छ ।

एचआरडब्लुले अन्तर्वार्ता लिएका कैयौं महिला र स्वाथ्यकर्मीका अनुसार केही अस्पतालले निश्चित उपचारको प्रक्रिया अघि बढाउँदा र डिस्चार्ज गर्दा समेत पुरुषको अनुमति खोज्ने गरेका छन् ।

धार्मिक निकायले अस्पताल बाहेकका सबै कार्यक्षेत्रमा महिलालाई पुरुषबाट अलग्याउन समान ढंगले कुरानका आदेशहरूको सम्भव भएसम्म कठोर व्याख्या, कमिसन फर द प्रमोसन अफ भर्च्यु एण्ड द प्रिभेन्सन अफ भाइस (सदाचार प्रवर्द्धन तथा व्यभिचार रोकथाम आयोग) ले लागू गरेको व्याख्या, एकपछि अर्को पुस्तामा फैलाएको छ ।

यसले पुरुष संरक्षक लिएर नगएको खण्डमा साउदी महिलाले छुट्टै महिला विभाग खडा नगरेका प्राय:जसो सरकारी निकायमा पहुँच पाउँदैनन् भन्ने अर्थ दिन्छ । त्यसैगरी, व्यवसायिक र सरकारी निकायहरूले महिला कामदारका लागि छुट्टै शाखा खडा गर्नुपर्ने तथ्यले प्राकृतिक रूपमै उनीहरूको नियुक्तिलाई निरुत्साहित गर्छ ।

सरकारले महिलाका लागि छुट्टै बुथको व्यवस्था नगरिदिदा सिद्धान्ततः मताधिकार पाएको कम से कम आधा जनसंख्या सन् २००५ मा सम्पन्न मुलुकको पहिलो महानगरीय निर्वाचनमा भाग लिनबाट बन्चित रहेको तथ्य छ ।

जब साउदी अरेवियाले महिला र युवतीका लागि शिक्षा दिन महत्वपूर्ण कदम चाल्यो तब महिला साक्षरता दर सन् १९७० को १६ प्रतिशतबाट बढेर सन् २००५ मा ८५ प्रतिशत पुग्यो । तापनि शिक्षाको सन्दर्भमा उनीहरूमाथिको भेदभाव अद्यापि कायमै छ, चाहे त्यो पढ्नका लागि अभिभावकबाट अनुमति लिनुपर्ने बाध्यताको रूपमा होस् वा उनीहरूलाई पुरुषको भन्दा निकृष्ट सेवा सुविधा दिएर होस् ।

उदाहरणको लागि मुलुकको सबैभन्दा ठूलो सार्वजनिक विश्वविद्यालयमा महिला विद्यार्थीलाई निम्नस्तरको पुस्तकालय रहेको पुरानो भवनमा पढाइन्छ र प्रशासनले पुरुष कलेजको मुख्य पुस्तकालय महिलालाई साताको एक दिन बिहान ८ बजेदेखि ५ बजेसम्म मात्र खुल्ला राख्ने गरेको छ । आफूहरूलाई संरक्षकको साथमा बाहेक कलेजबाट बाहिर निस्कन प्रतिबन्ध लगाइएको कलेजको होस्टेलमा बस्ने एउटी महिला विद्यार्थीले एचआरडब्लुलाई बताइन् ।

प्राय: महिला विद्यार्थीलाई शिक्षक मात्र हुन अभिप्रेरित गरिन्छ, केही संकायहरूमा इन्जिनियरिङ, आर्किटेक्ट, राजनीति शास्त्र जस्ता विषय महिलाले पढ्न नपाउने प्रावधान रहेको पनि प्रतिवेदनले खुलस्त पारेको छ ।

यस्ता अभ्यासले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी राष्ट्रसंघीय महासन्धिको स्पष्ट उल्लंघन गरेको एचआरडब्लु बताउँछ । साउदी अरेविया सन् २००१ देखि सो महासन्धिको पक्ष राष्ट्रको रूपमा रहिआएको छ अर्थात सन् २००१ मा उस्ले महिलामाथि हुने भेदभाव उन्मुलनसम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको थियो । महासन्धिले राजा अब्दुल्लाहलाई शाही घोषणामार्फत परिपक्व महिलाको हकमा कानुनी संरक्षण चाहिने परिपाटीको अन्त्य गर्न र यसको कार्यान्वयनको लागि निगरानी संयन्त्र स्थापना गर्न आग्रह गरेको छ ।

# अमेरिकी मन्दीले कम ज्यालाविरोधी अभियानमा धक्का

– एन्ड्र्यु नेट्टे

नोमपेन्ह (आई.पी.एस्./एन्.पी.आई.) – कपडा उद्योगमा ज्यादै कम ज्यालामा काम गराउने प्रवृत्ति उन्मूलन गर्ने अभियानमा नेतृत्वदायी भूमिकामा खेल्दै आएको कम्बोडिया अमेरिकामा सिर्जना भएको आर्थिक मन्दीका कारण असमञ्जसमा परेको छ ।

'मलाई लाग्छ उद्योगहरू कठिन अवस्थाबाट गुज्रिरहेका छन्' केही समयअघिसम्म कम्बोडियाली कपडा उत्पादक संघ (जिएमएसी) का सचिव रहेका तथा टेक्सटाइल उद्योगसँग निकट सम्बन्ध राख्ने केन लु भन्छन्, 'हामी कुल उत्पादनको ७० प्रतिशत अमेरिका निर्यात गर्छौं, त्यसकारण उनीहरूको अर्थतन्त्रमा आएको मन्दीले कपडामा हुने खर्च घट्ने हाम्रो अनुमान छ ।'

टेक्सटाइल उद्योगमा आउने सामान्य गिरावट पनि कम्बोडियाका लागि ठूलो आर्थिक धक्का हुनेछ ।

कपडासँग सम्बद्ध उद्योगले कम्बोडियाको कुल निर्यातमा ८० प्रतिशत योगदान दिनुका साथै धेरैजनालाई रोजगारी उपलब्ध गराएको छ । एक करोड ३० लाख जनसंख्या रहेको यस मुलुकका १० लाख जति जनता प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा टेक्सटाइल उद्योगमा निर्भर रहेको अनुमानित दाबी छ ।

'कम्बोडियाको गार्मेन्ट उद्योगमा के हुन्छ भन्ने कुरा मुलुकको सीमानाभन्दा पनि परसम्म चासोको विषय बन्छ' नोम पेन्हस्थित लेखक रचेल लुइस स्नाइडर तर्क गर्छन् 'यो सफल असफल जे भए पनि महत्वपूर्ण हुन्छ किनकि कम्बोडिया त्यस्तो देश हो जस्ले कम ज्यालामा काम लगाउने प्रवृत्ति उन्मुलन गर्न संगठित प्रयास गरेको छ ।'

'यदि यहाँ असफलता हात लाग्यो भने अरुलाई उत्प्रेरणा कहाँबाट मिल्छ ?'

स्नाइडर 'युजिटिभ डेनिम : अ मुभिङ स्टोरी अफ पिपल एण्ड प्यान्टस इन द बोर्डरलेस वर्ल्ड अफ ग्लोबल ट्रेड' नामको हालसालै अमेरिकाबाट प्रकाशित पुस्तकका लेखक हुन् ।

कम्बोडियाली च्याप्टरहरू नोम पेन्ह र तात्कालीन क्लिन्टन प्रशासनले कम ज्यालामा काम लगाउने प्रवृत्तिको अन्त्य गर्ने उद्देश्यले कम्बोडियाबाट अमेरिका निर्यात हुने टेक्सटाइलको कोटासम्बन्धी सम्झौतामा हस्ताक्षर गरेपछिको अवस्थामा केन्द्रित छन् ।

सो सम्झौताअन्तर्गत कम्बोडियाले आनो श्रम कानुनको पुनर्लेखन गर्नुपरेको थियो । त्यसैगरी उसले ट्रेड युनियनको स्वागत गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) लाई कारखाना अनुगमन गर्ने र सो क्रममा फेला परेका तथ्यहरू सार्वजनिक गर्ने अनुमति दिनुपरेको थियो ।

'यसले कम्बोडियालाई एउटा विराट प्रयोगशाला बनायो' स्नाइडर भन्छन् 'ठूलो प्रश्न यसले काम गर्ला कि नगर्ला भन्ने थियो र गऱ्यो । उद्योगहरू बढे तथा श्रमिक र सामाजिक स्तरमा व्यापक सुधार आयो ।'

सन् २००५ को जनवरीमा कम्बोडिया विश्व व्यापार संगठनमा आवद्ध भएपछि व्यापार सम्झौताको म्याद सकियो ।

चीनले निश्चित कोटीको टेक्सटाइल निश्चित परिमाणभन्दा बढी निर्यात गर्न सक्दैन भन्ने पक्का गर्न वासिँगटनले संक्रमणकालीन कोटा प्रणालीको एउटा श्रृंखला लागू गऱ्यो, जसलाई स्नाइडर 'कोटा प्रणालीको उज्यालो' भन्छन् ।

कम्बोडियाली टेक्सटाइल उद्योगको पहरेदारीका लागि डिजाइन गरिएका यी उपायहरू सन् २००८ को अन्त्यसँगै समाप्त हुनेछन् जसले अन्तर्राष्ट्रिय मापदण्डअनुसार अझै किशोरावस्थामै रहेको टेक्सटाइल उद्योगलाई श्रम र सामाजिक अवस्था त्यत्ति राम्रो नभएका चीन, भियतनाम जस्ता शक्ति केन्द्रहरूले खाइदिन सक्छन् भन्ने त्रास उत्पन्न गराएको छ ।

'सम्भावित विश्वव्यापी आर्थिक मन्दीको अवस्थामै यिनीहरूको म्याद समाप्त हुन गइरहेका छन्, जुनबेला उपभोक्ता सस्तो सामान खोजिरहेका हुनेछन्' स्नाइडरले भने ।

'जहिले पनि आर्थिक दबाबको बेला ध्यान दिनुपर्ने पहिलो क्षेत्र भनेको श्रम कानुन र सामाजिक अवस्था हो । यो कम्बोडियाका लागि गम्भीर समय हो । उनीहरू यो कठिन परीक्षामा असफल हुने खतरामा छन् ।'

सुधारिँदै गएको श्रमको अवस्थामा काम गर्दा कोटा प्रणालीलाई श्रमको मापदण्डसँग सम्बन्धित गराउनु कम्बोडियाका लागि ठूलो प्रोत्साहन हुनेमा पर्यवेक्षकहरू स्वीकृति जनाउँछन् । आइएलओले सञ्चालन गरेको बेटर याक्ट्रिज कम्बोडिया (कम्बोडियाका उत्कृष्ट याक्ट्रीहरू) नामको कार्यक्रम अर्को अग्रणी काम बनेको छ ।

निर्यात अनुमति प्राप्त गर्नका लागि टेक्सटाइल उद्योगहरूले सो कार्यक्रममा दर्ता हुनुपर्छ र आइएलओ टोलीबाट नियमित अनुगमन गराउन राजी हुनुपर्छ ।

यो अनुगमन, जसलाई रोजगारदाताले भुक्तानी दिएर सहयोग गर्छन्, मा कारखानाको आकस्मिक निरीक्षण, ५०० इलाकामा फैलिएका कारखानाको कार्यसम्पादन मूल्याङ्कन गर्ने गहिरो

लेखापरीक्षण समेटिएको छ ।

यस्ता प्रतिवदेन गोप्य रहने भए पनि क्रेताको अनुरोधमा कारखानाहरूले सार्वजनिक गर्छन् ।

बेटर याक्ट्रिज कम्बोडियाका प्रमुख प्राविधिक सल्लाहकार तुओमो पौतिआइनेनका अनुसार यो कार्यक्रमले हाल टेक्सटाइल निकासी गर्ने यहाँका दुई सय ९८ कारखानाको अनुगमन गरिरहेको छ भने कम्बोडियाको करिब ६० प्रतिशत सामान किन्ने क्रेताको प्रतिनिधित्व समावेश गरेको छ ।

आफूहरूले हरेकलाई, खासगरी कार्यक्रममा नसमेटिएका सब-कन्ट्राक्टरहरूलाई समावेश नगरेको उनी स्वीकार्छन् । उनी 'यो कडाइका साथ लागू (सरकारद्वारा) गरिएको छ र त्यसमा केही समयको ढिलाइ भए पनि सबै निर्यातकर्तालाई ल्याइएको छ ।'

'जब कोटा प्रणाली थियो, कारखानालाई प्रदान गरिएको विस्तारित सुविधा स्पष्ट गरिनु थियो' पौतिआइनेन भन्छन् 'अमेरिकातर्फ हुने निर्यातमा कम्बोडियाको हिस्सा काम गर्ने वातावरणमा हासिल गरिएको प्रगतिमा आधारित अर्थात सर्तयुक्त थियो ।'

उनी अहिले विस्तृत रिपोर्ट माग्ने नाइक, कोलुम्विया, लेभि स्ट्राउस जस्ता ठूला नामसमेतका क्रेताबाट दबाब आउने गरेको विश्वास गर्छन् ।

'श्रमको अवस्था अहिले कम्बोडियाको प्रतिष्ठाको विषय बनेको छ, खासगरी, त्यस्ता कम्पनीहरूका लागि जो आनो सामाजिक जिम्मेवारीको योग्यता प्रमाणित गर्न चाहन्छन्' पौतिआइनेन भन्छन् 'यसको वेवास्ताबाट उद्योगमा धक्का लाग्छ ।'

सन् २००४ मा भएको उच्चस्तरका श्रमिक नेता चेअ भिचेअको हत्याले कम्बोडियामा श्रम मापदण्ड कायम गर्ने सन्दर्भमा अझै धेरै लामो बाटो तय गर्नु बाँकी छ भन्ने कुरा स्पष्ट रूपमा प्रदर्शन गरेको छ ।

कम्बोडियाली युनियनका नेताहरूले ध्यान दिनुपर्ने मुद्दाहरूको सूची तयार पारेको छन् जसले दाबी भुक्तानीमा असफलता र युनियनका प्रतिनिधिमाथि भएको राजनीतिप्रेरित हमलालाई समेत समेटेको छ ।

दोहोरो लेखा, ज्याला नदिइकन बढी समय काममा लगाउने परिपाटी र पेसागत स्वास्थ्य र सुरक्षा जस्ता थप मुद्दाहरूको सम्बोधन हुनुपर्नेमा पनि पौतिआइनेन सहमति जनाउँछन् ।

'यो स्पष्ट छ कि हामीले श्रमको स्थितिबाट पछि हट्नु समस्याको समाधान हो भनेर सोच्नु हुँदैन' लुले भने 'बरु हामीले उत्पादकत्व बढाउनुपर्छ ।'

अधिकांश पर्यवेक्षकहरू आइएलओको कार्यक्रमले अमेरिकाको क्लिन्टन प्रशासनले हस्ताक्षर गरेको सुरुको सम्झौताको म्याद सन् २००५ मा सकिएपछि उत्पन्न हुने ठानिएको सङ्कट टार्न सहयोग गरेकोमा सहमत छन् ।

यसले कम्बोडियालाई उद्योगहरूले सामना गरिरहेको महत्वपूर्ण कठिनाइका बाबजुद एउटा ठोस आधार निर्माणमा पनि सहयोग गरेको छ ।

कम्बोडियाले टेक्सटाइल उद्योगसम्बद्ध सबैजसो कच्चा पदार्थ आयात गर्नुपर्छ । ऊर्जा लागत उच्च छ, वृहत् बन्दरगाह सुविधाको अभाव छ, भ्रष्टाचारले पनि लागत बढाउनमै योगदान दिन्छ ।

कम्बोडियालाई श्रमको सन्दर्भमा तुलनात्मक लाभको बजारको रूपमा विज्ञापन गरिदा उपलब्धि हात लागेको तथा अन्तर्राष्ट्रिय क्रेताका लागि मूल्य मुख्य तत्वको रूपमा रहने एवं समय र गुणस्तरले पनि निर्देशित गर्ने लु स्वीकार्छन् ।

'उद्योगको दिगोपनका लागि आज्ञापालन एक्लो मात्रै पर्याप्त हुँदैन । आज्ञापालन मात्रै खासमा महत्वपूर्ण हुन्थ्यो भने सबै कम्बोडियामै हुन्थे । त्यो छवि यसको सबल पक्ष हो । यो क्रेताले हेर्ने थुप्रै कुरामध्येको एक हो तर एक्लो चाहिँ होइन ।'

'व्यवसाय सार्वजनिक र व्यक्तिगत रूपमा आइएलओको अनुगमन कार्यक्रमको सहयोगी रहेको छ', लु भन्छन् 'यसलाई कसरी सञ्चालन गरिएको छ भन्ने उनीहरूको चासो हो ।'

आइएलओले पुनर्संरचना गर्ने र बेटर याक्ट्रिज कार्यक्रममा आनो संलग्नता घटाउने तय गरेको सन् २०१० पछि अनुगमनको जिम्मेवारी सरकारले लेओस् भन्ने जिएमएसीको चाहना छ ।

'यदि यो विशुद्ध स्वेच्छिक कार्यक्रम हो भने उत्पादकले यसमा दर्ता हुनु पर्दैनथ्यो' उनी स्वीकार्छन् 'तर, उत्पादकले क्रेताबाट दबाब व्यहोर्नुपरेको छ । तपाईले पनि आज्ञापालनलाई प्राथमिकता नदिने कारखाना र क्रेतालाई अस्वीकार गर्नुहुन्थ्यो । र बाँकी रहेका जति पूर्णतया सम्मतिको समर्थक हुनेछन् ।'

जिएमएसीले सरकारसामु यस्तो तर्क अघि सारेको उनी बताउँछन् । 'उनीहरूले यो अनिवार्य होस भन्ने आनो चाहना रहेको प्रष्ट पारेका छन् ।'

'उद्योग फस्टाउँछ भनेर कसैले अपेक्षा गर्न नसके पनि गाभिने, साना र कम उत्पादनशील उत्पादकले धक्का खाने र अरु सफल हुने सम्भावना देखिएको छ' पौतिआइनेन भन्छन् 'यसले उद्योगलाई असर पार्नेछ, तर यो असफलता होइन ।'

'क्रेताहरूले लामो समयसम्म यस कार्यक्रमसँग काम गरेका छन् र कम्बोडियामा ठूलो समय र सामाजिक पुँजी लगानी गरेका छन् साथै उनीहरूले ठूलो सम्बन्ध पनि बनाएका छन् । उनीहरूसँग कम्बोडियामा लगानी जारी राख्ने अभिरुचि पनि छ ।'

'यो वर्ष गार्मेन्ट उद्योगमा कुनै वृद्धि भएन । खासमा यस उद्योगले ५ देखि १० प्रतिशतको सामान्य संकुचन देख्नेछ' लुको स्पष्ट मूल्याङ्कन यही हो ।

'म के भन्छु भने विद्यमान स्थितिमा हामी प्रतिस्पर्धाको लागि उपयुक्त ठाउँमा छैनौं तर एउटा तत्व जसले यसलाई बदल्न सक्छ त्यो चाहिँ अमेरिकी बजारमा भन्साररहित प्रवेश पाउने हाम्रो प्रयास हो' लुले भने 'अमेरिकाले यो एसिया बाहेकका सबै कम विकसित देशलाई दिएको छ, मलाई थाहा छैन किन हो ?'

कम्बोडियाको गार्मेन्ट उद्योग र सरकारले यो मुद्दामा कयौं वर्षदेखि अमेरिकासँग लविङ गर्दै आएका छन् । यसैवर्ष एउटा सम्झौतामा पुग्न सकिनेमा लु आशावादी देखिन्छन् । 'भन्सारर हित सुविधा प्राप्त भएन भने मन्दीको असर झन् खराब हुनेछ' उनले भने ।

# महिनाभरिको तलबले एक किलो मासु

– मारवान माकन-मार्कर

बैंकक (**आई.पी.एस्. /एन्.पी.आई.**) – उत्तर कोरियाका जनता अनिकालको शिकारमा परेका छन् । अनिकालकै कारण राष्ट्रसंघीय निकायहरूले उत्तर कोरियालाई 'मानवीय सङ्कटग्रस्त' मुलुकका रूपमा हेर्नुपर्ने स्थिति आएको छ ।

मुलुकको राजधानी प्योङयाङमा आधारभूत खाद्य सामग्रीको मूल्य यति आकाशिएको छ कि औशत आम्दानीका व्यक्तिहरू बजारमा छिर्न सक्तैनन् । एक किलो चामलको मूल्य २ हजार वन अर्थात १४ अमेरिकी डलर पर्न आउँछ । विश्व खाद्य कार्यक्रम नामक संस्थाका अनुसार एक वर्षअघि एक किलो चामलको मूल्य ७ सयदेखि ९ सय वनसम्म थियो । मकैको मूल्य पनि त्यत्तिकै बढेको छ । एक किलो मकैको दाम आज ६ सय वन अर्थात ४.२० डलर पर्न आउँछ भने २००७ को अप्रिलमा ३५० वनमा पाइन्थ्यो ।

अन्य वस्तुको मूल्य पनि तीन-चार गुना बढेको छ । सुँगुरको मासु, आलु र फुलजस्ता बस्तु कोरियाली सर्वसाधारणका लागि शोखका सामग्री बनेका छन्, विश्व खाद्य कार्यक्रम जानकारी गराउँछ । अहिले एक किलो सुँगुरको मासुलाई ५ हजार ५ सय वन अर्थात ३५ डलर पर्छ, यो रकम स्टालिनलाई आदर्श मानेर चल्ने मुलुकको झण्डै एक महिनाको तलब हो । यहाँ औशत मासिक तलब ६ हजार वन अर्थात ४२ डलर छ ।

'केही महिनाको तलब जम्मा पारेर अलिकति चामल किन्न सकिन्छ,' विश्व खाद्य कार्यक्रम अन्तर्गत प्योङयाङमा कार्यरत कन्ट्री डाइरेक्टर आनो वक्तव्यमा उल्लेख गर्दछन् । 'परिवार तथा खासगरी सङ्कटमा परेका व्यक्तिहरूको सङ्कटको स्रोत खाद्यान्न नै देखिन्छ । भरपेट खान नपाउने, सन्तुलित आहारको कमी र पोषणको अभावमा विभिन्न रोग तथा विरामीले समाउने गरेको देखिन्छ ।

२००७ को अगष्ट महिनामा आएको बाढीका कारण अन्नबालीलाई ठूलो नोक्सान पऱ्यो कृषिजन्य घरेलु उत्पादनमा ठूलो परिमाणमा ह्रास भयो । 'हालै सरकारले गरेको एक अनुमान अनुसार २००७ मा जम्मा अनाजको उत्पादन ३० लाख टन मात्र हुनपुग्यो । गत वर्षको दाँजोमा यो उत्पादन ४० लाख टनले न्यून हो,' खाद्य तथा कृषि संगठन जानकारी गराउँछ ।

मकैको उत्पादनमा पनि मुलुकले ठूलो परिमाणमा ह्रास सहनुपऱ्यो । ६ लाख ५० हजार टन अर्थात् ३३ प्रतिशतले उत्पादनमा कमी आयो । गत वर्षभन्दा चामलमा चारलाख टन अर्थात् २५ प्रतिशतले कमी देखियो, रोमस्थित राष्ट्रसंघीय निकाय जानकारी गराउँछ । '२००७ को उत्पादन आर्थिक वर्ष सात-आठमा १६ लाख टन अन्नले न्यूनता आएको अनुमान गरिन्छ ।'

'२००१ देखि मुलुकमा माग र आपूर्तिबीच ठूलो खाडल देखिएको हो', विश्व खाद्य कार्यक्रमका एशियाली प्रवक्ता पल रिस्ली जानकारी गराउँछन् । उनी एक अन्तर्वातामा भन्छन्- यो खाडल पूर्ति गर्न बाहिरी सहयोग आवश्यक छ । तर सिङ्गै मुलुकका लागि खाद्यान्नको जरुरी आवश्यकता पूर्ति गर्नु सजिलो छैन । उत्तर कोरिया पहिलेदेखि यस्तै दान-दातव्यमा रहेका कारण अझ बढी समस्या हुनसक्छ । सरसामग्रीको मूल्य वृद्धि कुनै अनौठो विषय भने होइन । विश्वमै चामलको मूल्य बढेको छ । विश्व खाद्य कार्यक्रमले उद्धारका लागि चामल तथा अन्य अनाज खरिद गर्दा विगतका वर्षहरूमा भन्दा बढी असजिलो झेल्नु पर्दछ । उत्तर कोरियाजस्तो नाजुक स्थितिमा रहेका जनताका लागि खाद्य आपूर्ति गर्न पनि विश्व खाद्य कार्यक्रमलाई विभिन्न समस्याहरूसँग जुध्नु परेको छ ।

१९९८ देखि २ करोड ३० लाख जनसंख्या रहेको मुलुकका झण्डै १० लाख जनतालाई विश्व खाद्य कार्यक्रमले खाद्यान्न उपलब्ध गराउँदै आएको छ । विश्वमै खाद्यान्नको मूल्य बढेका कारण विश्व खाद्य कार्यक्रमले उत्तरकोरियाका लागि खाद्यान्न उपलब्ध गराउन एक करोड ५९ लाख अमेरिकी डलर थप माग गरेको छ । पहिला उत्तर कोरियाका लागि २ करोड ६५ लाख डलर अनुमान गरिएको थियो ।

'यदि हामीहरू भाग्यमानी रहेछौँ

भने ७५ हजार मेट्रिक टन खाद्यान्न उपलब्ध गराउन सक्नेछौँ । यो परिमाण यस वर्षमा बाढीले सिर्जना गरेको खाद्यान्न न्यूनताको पाँच प्रतिशतभन्दा पनि कमी हो,' रिजले भने ।

विश्व खाद्य कार्यक्रमको उत्तर कोरियाका लागि हालको सहयोग २००५ मा भन्दा अहिले नाटकीय रूपले न्यून हुन पुगेको छ । यसले मुलुकको जनसंख्याको एक चौथाई भागलाई पाल्दै आएको थियो । त्यसबेला १० लाख टन चामल सहायता प्राप्त भएको थियो । त्यो बेला उत्तरकोरिया यसरी सबैभन्दा ठूलो परिमाणमा खाद्यान्न प्राप्त गर्ने मुलुकमा पर्थ्यो ।

'२००५ मा २३ लाख टन चामल सहायताका रूपमा प्राप्त भएको थियो । यसअघि २००१ मा १२ लाख टनमात्र खाद्यान्न सहयोग प्राप्त भएको थियो' खाद्य तथा कृषि संगठनका अनाज क्षेत्र हेर्ने अन्तर सरकारी समूहका सचिव अब्दुल रेजा अब्बासिया भन्छन् '२००५-२००६ मा जम्मा अनाज करिब ८५ लाख टन रहेको खाद्य तथा कृषि संगठन अनुमान गर्दछ । गहुँको परिमाण मात्र ५३ लाख टन रहेको थियो ।'

'उत्तरकोरियामा जनताको खाद्यान्न माग पूर्ति गर्न चामल सहायता व्यापक रूपमा बढाउनु पर्दछ' । रोमबाट टेलिफोनमा कुराकानी गर्दै उनले भने- खाद्य तथा कृषि संगठन २००६-२००७ मा करिब ७० लाख टन अनाज आपूर्ति हुन सकेन । यसैगरी २००७-२००८ मा पनि थप ५० लाख टन अनाजमा कमी आयो । यी आदि विभिन्न कारणहरूले गर्दा खाद्यान्नको मूल्यवृद्धि भएको हो ।

उत्तरकोरिया खाद्यान्न अभावको समस्या मात्र सहि रहेको छैन । छिमेकी दक्षिण कोरियाबाट राजनीतिक चुनौती पनि सहिरहेको छ । चामल, गेडागुडी र अन्य दलहन जातका अनाजको सहयोग आपूर्ति गर्न दक्षिण कोरियाले अवरोध पुऱ्याइरहेको छ । सियोलका नयाँ नेता राष्ट्रपति लि म्यिङ बाक प्योङयाङलाई सहयोग गर्ने मनस्थितिमा सत्तामा पुगे ।

खाद्यान्न सहयोग गर्नुको बदला उनी अन्य विषयमा सहयोग गर्न रुचाउँछन् । लिका दुई पूर्ववर्ती राष्ट्रपतिहरूले खाद्यान्न सहायता गर्ने गरेका थिए । 'घमाइलो कूटनीतिको अनुशरण गर्दै दक्षिण कोरियाका अहिलेका राष्ट्रपति मानवअधिकारको प्रवर्धनका लागि सहायता गर्न चाहन्छन् ।

वास्तवमा अहिले उत्तर कोरियालाई त्रिपक्षीय दबाब सिर्जना भएको छ । त्यसमध्ये सबैभन्दा ठूलो दबाब खाद्यान्न सङ्कटकै हो । नब्बेको दशकमा उत्तर कोरियाले सहन गरेको भोकमरीका कारण पाँच लाखदेखि ३० लाख उत्तर कोरियालीहरू मारिएका थिए ।

उत्तर कोरिया १९४८ देखि क्रुर अधिनायक वादीको पकडमा रहेको छ । यसका अहिलेका नेता राष्ट्रपति किम जोङ इल विश्व राजनीतिबाट आफूलाई अलग राख्दै आएका छन् । त्यसैले गर्दा पनि मुलुक कुपोषणको शिकार हुन पुगेको छ । ३७ प्रतिशत बालबालिका शोषित हुन पुगेका छन्भने २३ प्रतिशतको तौल चाहिनेभन्दा निकै न्यून रहेको छ ।

२००५ देखि किमले खाद्यान्नको सार्वजनिक वितरण पुन: सुरु गरे । यो व्यवस्था १९९० को दशकमा असफल भएका कारण रोकिएको थियो । त्यसले गर्दा पनि अनिकाल बढायो । त्यस पद्धतिअनुसार मुलुकको अन्न एक ठाउँमा जम्मा पार्ने र राज्यले नै वितरण गर्ने गरिन्थ्यो ।

अहिले आएर उत्तर कोरियाका ६५ लाखभन्दा बढी जनता 'खाद्यान्न असुरक्षाबाट पीडित हुन पुगेका छन् । समयमै यस समस्याको दीर्घकालीन समाधान नसोच्ने हो भने खाद्यान्न अभावको समस्या अझ बढ्ने छ,' विश्व खाद्य कार्यक्रम उल्लेख गर्दछ ।

NEPAL PRESS INSTITUTE NPI २०४१ 1984 नेपाल प्रेस इन्स्टिच्यूट

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल
फोन नं. ४–२६४१५५, ४–२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :


npiktm@wlink.com.np